# रोबोटले तोड्यो मानव कीर्तिमान



■ एजेन्सी

बेइजिङ । चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ । यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको संगममा नयाँ युग सुरु भएको संकेत दिएको छ। बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो । यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो ।

गत वर्ष पहिलोपटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दुरी पार गरेको थियो । त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ । प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा ५ विदेशी टोलीसमेत समावेश थिए ।

दौड पूर्ण रूपमा सहज भने रहेन । केही रोबोटहरू प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोक्किएका थिए । यद्यपि, आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटहरूले कुनै मानवीय हस्तक्षेपबिना स्वायत्त रूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत सञ्चालन गरिएका थिए ।

प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको संकेत र आवाजमार्फत निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ ।

चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषय मात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ । विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै बेइजिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ । सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ ।

लन्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिटी रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्व बजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपंक्तिमा उभिएका छन् । ती कम्पनीहरूले गत वर्ष मात्र हजारौं युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्दछ । यस घटनाले केवल एउटा दौड जित्ने उपलब्धि मात्र नभई, मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको संकेत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।


**अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लिमिटेडको**
कामनपा-९, बत्तिसपुतली, काठमाण्डौं
फोन नं. ०१-४०११०२६

**नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०१।०७**

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको मिति २०८३।०१।०६ मा बसेको सञ्चालक समितिको बैठकका निर्णय बमोजिम यस कम्पनीको बार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**
**मिति** : २०८३ जेठ ०७ गते बिहीवार
**समय** : विहान ११ बजे
**स्थान** : होटल इम्पेरियल प्राईभेट लिमिटेड, कामनपा-९, बत्तिसपुतली, काठमाडौं ।

**छलफलका बिषयहरु**
**क) सामान्य प्रस्ताव**
१) सञ्चालक समितिको आ.व. ०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलत तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३) आ.व.०८२।०८३ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४) आ.व.०८२।०८३ को लागि बार्षिक कार्ययोजना पारित गर्ने ।
५) आर्थिक वर्ष ०८१।०८२ को संचित मुनाफाबाट चुक्ता पुंजीको १.९९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताब पारित गर्ने ।
६) सञ्चालकहरुको बैठक भत्ता तोक्ने ।
**ख) विविध ।**


# रूसी तेल छुटप्रति युक्रेनको आपत्ति

■ एजेन्सी



कियभ । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रूसी तेलमाथि लगाइएको प्रतिबन्ध आंशिक रूपमा खुकुलो बनाइएपछि त्यसले रूसलाई युद्धका लागि ठुलो आर्थिक स्रोत उपलब्ध गराउने चेतावनी दिएका छन् । यस्तो निर्णयले युक्रेनमाथि भइरहेका आक्रमणलाई थप तीव्र बनाउने जोखिम रहेको उनले बताए ।

सामाजिक सञ्जालमार्फत् प्रतिक्रिया दिँदै जेलेन्स्कीले रूसी तेल खरिदमा खर्च हुने प्रत्येक डलर युद्धकै लागि प्रयोग भइरहेको उल्लेख गरेका छन् । उनका अनुसार यस्तो आर्थिक प्रवाहले युक्रेनमा भइरहेको विनाशकारी आक्रमणलाई प्रत्यक्ष सहयोग पुऱ्याइरहेको छ । यद्यपि उनले स्पष्ट रूपमा नाम नलिएको भए पनि अमेरिकी प्रशासनले हालै रूसी तेल निर्यातसम्बन्धी प्रतिबन्धमा दिएको अस्थायी छुटतर्फ संकेत गरेको बुझिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले शुक्रबार रूसी तेल तथा पेट्रोलियम पदार्थलाई समुद्रमार्फत बिक्री गर्न अनुमति दिने गरी १ महिनाका लागि छुट विस्तार गरेको थियो । यो कदम मुख्यतः मध्यपूर्व युद्धका कारण बढेको ऊर्जा मूल्यलाई नियन्त्रणमा राख्ने उद्देश्यले चालिएको बताइएको छ । तर यसअघि अमेरिकी अर्थ मन्त्रालयले यस्तो छुट नवीकरण नहुने संकेत दिएको केही दिनमै निर्णय उल्टिएको देखिएको छ ।

जेलेन्स्कीका अनुसार हाल समुद्रमा ११० भन्दा बढी रूसी ट्यांकरहरू अन्तर्राष्ट्रिय प्रतिबन्ध उल्लंघन गर्दै कच्चा तेल बोकेर हिँडिरहेका छन्, जसमा १ करोड २० लाख टनभन्दा बढी तेल रहेको अनुमान छ । उनले प्रतिबन्ध खुकुलो पारिएकाले यी स्रोतहरू सजिलै बिक्री हुन सक्ने र त्यसबाट करिब १० अर्ब डलर आम्दानी हुने दाबी गरे, जुन रकम प्रत्यक्ष रूपमा युक्रेनविरुद्धको आक्रमणमा प्रयोग हुन सक्ने उनको भनाइ छ । उनले पछिल्लो १ सातामा मात्र रुसले २ हजार ३६० भन्दा बढी आक्रमणकारी ड्रोन, १ हजार ३२० भन्दा बढी निर्देशित हवाई बम र करिब ६० मिसाइल युक्रेनी सहरहरूमा प्रहार गरेको जानकारी दिए । यसले युद्धको तीव्रता अझै घट्न नसकेको स्पष्ट पारेको छ ।

उत्तरी सहर चेर्निहिभमा शनिबार राती भएको आक्रमणमा १६ वर्षीय १ किशोरको मृत्यु भएको र ४ जना घाइते भएको स्थानीय प्रशासनले जनाएको छ । यस्तो घटनाले सर्वसाधारणमा त्रास र असुरक्षा झन् बढाएको छ ।

जेलेन्स्कीले अन्तर्राष्ट्रिय समुदायलाई रूसी तेल ढुवानी रोक्न र ट्यांकरहरूलाई बन्दरगाहसम्म पुग्न नदिन कडा कदम चाल्न आग्रह गरेमा छन् । उनले रूसी तेल निर्यात घटाउनसके मात्र आक्रमणकारीको क्षमता कमजोर पार्न सकिने र त्यसतर्फ युक्रेनले आफ्ना दीर्घ दुरीका प्रतिबन्धात्मक उपायहरू जारी राख्ने बताए ।

# महारानीको जीवनी लेखन इतिहासकार चयन

■ एजेन्सी

लन्डन । बेलायती शाही परिवारले दिवंगत महारानी एलिजाबेथ द्वितीयको जीवनलाई आधिकारिक रूपमा अभिलेखीकरण गर्ने महत्त्वपूर्ण कदम अघि बढाउँदै इतिहासकार अन्ना केलाई जीवनी लेखनको जिम्मेवारी दिएको जनाएको छ । ७० वर्षभन्दा लामो शासनपछि सन् २०२२ सेप्टेम्बरमा निधन भएकी महारानीको जीवन र कार्यलाई समेट्ने यो परियोजनालाई शाही इतिहासको एक महत्त्वपूर्ण दस्तावेजका रूपमा हेरिएको छ ।

बेलायती सञ्चारमाध्यमहरूका अनुसार राजा चार्ल्स तृतीयले आफ्नी आमाको जीवनकथा लेख्ने जिम्मेवारी एक महिलालाई दिने इच्छा व्यक्त गरेका थिए, जसअनुसार अन्ना केको छनोट गरिएको हो । विशेषगरी सन् १६४९ देखि १६६० सम्मको बेलायतको गणतान्त्रिक कालखण्डबारे गहिरो अध्ययन र लेखनका लागि परिचित केका लागि यो अवसर ऐतिहासिक जिम्मेवारीका रूपमा आएको छ ।

अन्ना केले यो जिम्मेवारी पाउनु 'गहिरो सम्मान' भएको प्रतिक्रिया दिँदै रानी एलिजाबेथलाई असाधारण व्यक्तित्वका रूपमा चित्रण गरेकी छन् । महारानी एलिजाबेथको जीवन एक शताब्दीभरि भएका व्यापक परिवर्तनहरूसँग गाँसिएको थियो । केले आफूलाई उपलब्ध गराइने स्रोत र सामग्रीको सदुपयोग गर्दै महारानीको जीवन र योगदानलाई न्याय गर्ने प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

बकिंघम प्यालेसले जारी गरेको विज्ञप्तिअनुसार अन्ना केले रोयल आर्काइभमा सुरक्षित राखिएका महारानीका व्यक्तिगत तथा आधिकारिक कागजातहरूमा पूर्ण पहुँच पाउनेछन् । साथै, उनले शाही परिवारका सदस्यहरू, महारानीका निकट साथीहरू तथा दरबारका कर्मचारीहरूसँग अन्तर्वार्ता लिन पनि सक्ने व्यवस्था गरिएको छ, जसले जीवनीलाई थप विश्वसनीय र जीवन्त बनाउने अपेक्षा गरिएको छ । आधिकारिक शाही जीवनीहरूले प्रायः ऐतिहासिक रूपमा महत्त्वपूर्ण तर कम ज्ञात विवरणहरू सार्वजनिक गर्ने गरेका छन् । यसअघि महारानी एलिजाबेथकी आमा, राजा जर्ज



छैटौंकी पत्नीको आधिकारिक जीवनीमा १९६० को दशकमा आन्द्राको क्यान्सरबाट पीडित भए पनि सफल उपचार गरिएको तथ्य खुलासा भएको थियो । यस नयाँ जीवनी परियोजनाले महारानी एलिजाबेथ द्वितीयको व्यक्तिगत जीवन, शासनकाल र विश्व इतिहासमा उनको भूमिकाबारे थप गहिरो दृष्टिकोण प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## ओली र प्रचण्डले...

२०७४ सालमै असफल भइसकेको २ अध्यक्ष प्रणाली राख्न भने दुवै नेता सहमत देखिँदैनन् । 'हाल एकता गर्नुपर्छ भन्ने दुवै पक्षलाई गहिरो गरी अनुभूत भए पनि ठोस मोडालिटी तय भएको छैन । अनौपचारिक रूपमा निर्णायक छलफल भयो भने औपचारिक रूपमा अघि बढ्छ,' स्रोतले भन्यो । पार्टी एकता गर्ने, तर ओली र प्रचण्डबाहेक नयाँ व्यक्तिको नेतृत्वमा अघि बढ्ने विकल्पमा छलफल चलिरहेको छ । अथवा, प्रचण्ड वा ओलीकै नेतृत्वमा गएर आगामी ६ महिनाभित्र महाधिवेशन गरी दुवैले नेतृत्व छाड्ने विषयमा पनि छलफल भइरहेको छ ।

### ओली-प्रचण्ड नजिक बनाउने...

आगामी दिनमा शक्ति फर्काउने औजार नेकपालगायत वाम शक्तिसँगको एकता नै हुन सक्ने ओलीको बुझाइ छ । सरकारले गत १४ चैतमा उनलाई पक्राउ गरेपछि त्यसको विरोधमा एमालेले गरेको सडक संघर्ष फितलो भएपछि ओली झस्किएका छन् । उनीमाथिको मुद्दा यथावत् रहेको अवस्थामा सरकारले जुनकुनै बेला धरकपड गर्न सक्ने निष्कर्ष उनको छ । आफू शक्तिशाली नभए सरकारविरुद्ध लड्न नसक्ने तथ्यका कारण पनि उनी पछिल्लो समय एकताका लागि तयार देखिएको नेताहरूको दाबी छ ।

यता, संसद्मा निरीह प्रतिपक्षको भूमिकामा रहेका नेकपा संयोजक प्रचण्डले पनि आफ्नो शक्ति बढाएर संसदीय दलको नेता बन्ने चाहना राखेका छन् । उनलाई पनि आफूहरू कमजोर भएमा ओली, देउवालगायतलाई पक्राउ गर्न जसरी सरकार सक्रिय भयो, कुनै दिन आफूमाथि पनि बज्रिने आशंका छ । यसका लागि उनी आफ्नो जनमत र शक्ति बढाउन चाहन्छन् । पार्टीभित्र पुस्तान्तरण र रूपान्तरणको चर्को आवाज उठिरहेका बेला वाम एकताको नाममा विषयलाई अन्तै मोड्ने र परिस्थितिजन्य आवश्यकताको नाममा नेतृत्वमा निरन्तर रहने स्वार्थ प्रचण्डमा देखिएको छ ।

## निजी क्षेत्रको...

त्यस्तै, नयाँ रणनीतिक योजनाको कार्यान्यनका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ संशोधन गरेर नीतिगत भ्रष्टाचार, नेपालस्थित विदेशी संघसंस्थाका पदाधिकारीको भ्रष्टाचारजन्य कार्यसमेत अनुसन्धानमा समेट्ने सरकारको तयारी छ । त्यस्तै, विशेष अदालत ऐन, २०५९, निर्वाचनसम्बन्धी कानुनहरू, महाभियोग ऐन (कार्यविधि नियमित गर्ने) २०५९, सैनिक ऐन २०६३, प्रमाण ऐन २०३१, सार्वजनिक खरिद ऐन २०६३, राष्ट्र बैंक ऐन २०५८ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ संशोधन गरिनेछ । न्यायाधीशहरूको गैरकानुनी सम्पत्ति आर्जन, घूस रकम लेनदेनलगायत अन्य भ्रष्टाचार कसुरको अनुसन्धान, छानबिन, मुद्दा दायर गर्ने र फैसला गर्ने स्पष्ट कानुनी व्यवस्था र संरचना तोक्ने गरी न्यायपरिषद् ऐन २०७३ पनि संशोधन गरिने मसौदामा समेटिएको छ ।

साथै निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानुनहरू साझेदारी ऐन २०२०, संस्था दर्ता ऐन २०३४, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४, निर्माण व्यवसाय ऐन २०५५, नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन २०५३, दूरसञ्चार ऐन २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, बिमा ऐन २०७९, सहकारी ऐन २०७४ संशोधन गरी घूस लेनदेन, अनुदान दुरुपयोग, आम्दानी खर्चको हिसाब हेरफेर गर्ने वा अभिलेख नजनाउने, नभएको खर्च देखाउने, गलत लिखत प्रयोग गर्ने वा स्रेष्ता नष्ट गर्ने, लेखापरीक्षणका स्थापित मापदण्डको उल्लंघन गर्ने, कर/राजस्व छल्ने कामलाई समेत भ्रष्टाचारजन्य कसुर कायम गरी दण्डनीय बनाउने सरकारको तयारी छ ।

मसौदामा उल्लेख भएअनुसार पहिलो रणनीतिक स्तम्भअन्तर्गत कानुनी, नीतिगत तथा संस्थागत सुशासन सदृढीकरण छ । दोस्रोमा, नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट नागरिक कर्तव्यबोध, जबाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाज निर्माण छ । तेस्रोमा सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि-नोक्सानी भएको वा अनुचित लाभ लिएदिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्याउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानुनी व्यवस्थामा सुधार गर्ने उल्लेख छ । चौथोमा, भ्रष्टाचार निवारणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत, सक्षम र दिगो जनशक्तिको विकास र पाँचौंमा भ्रष्टाचार निवारणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य र पारस्परिकता कायम गर्दै भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलगायत कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको विषय समेटिएका छन् । रणनीतिक योजना कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरण, सदाचार र सुशासन प्रवर्द्धन भई नेपालको अन्तर्राष्ट्रिय छवि सुधार, सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि, दिगो विकास र समृद्धि हासिल गर्न सहयोग पुग्ने सरकारको विश्वास छ ।

दुष्कृतिजन्य कार्य सुधार्न मौका दिइने

भ्रष्टाचारसम्बन्धी उजुरीमा अनुसन्धान गर्दा दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने नीति अवलम्बन गर्ने मसौदामा उल्लेख छ । रणनीतिमा भ्रष्टाचार कसुरमा अनुसन्धान गर्दा कुनै हानि-नोक्सानी वा अनियमितता नभई दुष्कृतिजन्य कार्य भएको पाइए एक पटकका लागि सच्याउन अवसर दिने गरी कानुनी व्यवस्था गर्ने उल्लेख छ । त्यस्तै अनुचित लाभ लिए/दिएको नभई लापरबाही वा हेलचेक्र्याइँबाट राज्य वा अन्य कसैलाई भएको हानि-नोक्सानीबापतको क्षतिपूर्ति बुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणाम सच्याई कानुनअनुरूप सच्याउन अवसर दिने गरी कानुनी व्यवस्था गर्ने पनि रणनीतिमा उल्लेख छ ।

के भएको थियो यसअघि

करिब ४ वर्षअघि अख्तियार ऐन २०४८ संशोधन विधेयक राष्ट्रियसभाबाट पारितसमेत भएर छलफलका लागि प्रतिनिधिसभामा पठाइएको थियो । उक्त संशोधन ऐनको दफा २ को उपदफा ३ 'ङ'मा सार्वजनिक संस्थाको परिभाषासम्बन्धी व्यवस्थामा सार्वजनिक संस्था भन्नाले सर्वसाधारणको लगानी रहेको बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी, मेडिकल कलेज, अस्पताल, महाविद्यालय वा कलेजलाई राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक संस्थाका रूपमा परिभाषित गर्ने उल्लेख थियो । सो विषयलाई लिएर निजी क्षेत्रको चर्को विरोधपछि सो प्रावधान संसदीय समितिमा छलफलमै रोकिएको थियो ।


**भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको श्रेस्ता कायम र रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सुचना**

**प्रकाशित मिति २०८३/०१/०६**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) र जग्गाधनि दर्ता श्रेस्ता आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख र जग्गाधनि दर्ता श्रेस्ता फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा वा अन्य कोहि कसैलाई हक हस्तान्तरण/ विक्रिवितरण गरेको भए (खरिद गर्ने पक्ष समेत सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न वा दावि बिरोध गर्न आफै आउनु बा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात र खरिद बिकी वा हक हस्तान्तरण भएको भए सो को प्रमाण सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको र हक कस्तान्तरण नभएको मानी यस कार्यालयबाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखित व्यक्तिहरूको नाममा रहेको रोक्का र निजले कोही कसैलाई हक हस्तान्तरण समेत गरेको रहेछ भने सम्बन्धि कार्यमा यस कार्यालय जबाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | बडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि. नं | क्षेत्रफल |
| १ | तुलसी राम शर्मा | बाँके | परसपुर | ६क | ३८३ | ०-४-१२ | - | - | - | - |
| | | | | ६क | २१७ | ०-०-१५ | - | - | - | - |
| | | | | ६क | २३२ | ०-२-१३ | - | - | - | - |
| | | | | ६क | २२९ | ०-४-११ | - | - | - | - |
| | | | | ६क | १३१ | ०-०-१७ | - | - | - | - |
| | | | | ६क | ३४० | ०-१-१ | - | - | - | - |
| | | | | ५क | ४४७ | ०-३-१४.५ | - | - | - | - |
| | | | | ६क | ४४९ | ०-०-६.५७ | - | - | - | - |
| | | | | ६क | ४५५ | ०-०-२.५ | - | - | - | - |
| | | | | ६क | ४५९ | ०-१-७ | - | - | - | - |
| | | | | ६क | ४५७ | ०-०-१८ | - | - | - | - |
| | | | | ८ | ९३२ | ०-७-१३ | - | - | - | - |
| | | | | ६क | ४५१ | ०-३-७ | - | - | - | - |
| | | | | ६क | ४५३ | ०-४-७ | - | - | - | - |
| | | | | ६क | ४९२ | ०-१-१ | - | - | - | - |

मालपोत अधिकृत



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय-बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सुचना**

प्रकाशित मिति-२०८३/०१/०७ गते

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयबाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

| क्र. सं. | जग्गा दर्तावालाको नाम,थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | खेलवान गोडिया | बाँके | कालाफाँटा | २ | ९७ | ०-१-७ | - | - | - | - |
| | | | | १ | २२ | ०-१८-० | | | | |
| | | | | ३ | ४३९ | ०-१-१८.७५ | | | | |



**Malaysia मा रोजगार** Company : FOOK KEE S TWO B SDN BHD

पुर्व स्वीकृती मितिः २०८३/१/४ चलानी नं. ६०२५४०९९ LT No.: 340653

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Wholesale/Retail Shop Assistant | 5 | 0 | कामसम्बन्धी | 1700 | ५७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८३ वैशाख १४ गते (27 April, 2026) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

W.S.L. HUMAN RESOURCE SERVICE PVT. LTD.
Airport, Sinamangal, Kathmandu, Nepal, Ph. : 01-4593930
Contact Person : 9745423372 (Pratikshya Pokhrel)
Govt. Lic. No.: 1659/080/81



**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | विवरण | प्रकार | ब्रान्ड | मोडल कोड | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य (ने.रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | MAGICOOK PRO 20SE BLACK | Microwave | WHIRLPOOL | 50047 | 20 Litre | China | 1 | 16200 |
| २. | MAGICOOK PRO 26CE BLACK | Microwave | WHIRLPOOL | 50052 | 24 Litre | China | 1 | 27700 |
| ३. | MAGICOOK PRO 25GE BLACK | Microwave | WHIRLPOOL | 50050 | 25 Litre | China | 1 | 22550 |
| ४. | MAGICOOK PRO 31CES ROTISSERIE | Microwave | WHIRLPOOL | 50057 | 29 Litre | China | 1 | 35500 |

LET Laxmi Electrotech Pvt. Ltd.
an entity of Laxmi Group Nepal
Bhagwati Bahal Marga Naxal, Kathmandu
PAN: 610139589
Tel: 01-4533674, 4533780



**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८३/०१/०७)**

यस नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-BlacktopRoad-Ward7-W-NCB-36-082/83 | Laliguras & Shakti marga kalopatre Urlabari-7, Morang | Theba Samang Nirman Sewa, Urlabari-3, Morang | 46,86,707.88/- |

प्रमुख प्रशासकीय अधिकृत